## मिति २०८३/०५/१८ मा बसेको ७८ औं कार्यपालिका बैठकका निर्णयहरु :

आज मिति २०८३।०५।१८ गते बिहिबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री गणेशबहादुर के.सी.ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री गणेशबहादुर के.सी. | गाउँपालिका अध्यक्ष |
| २ | | श्री डोल्मामाया गोले | गाउँपालिका उपाध्यक्ष |
| ३ | | श्री रामप्रसाद घिमिरे | १ नं. वडा अध्यक्ष |
| ४ | | श्री देविमाया लामा | २ नं. वडा का वा अध्यक्ष |
| ५ | | श्री मनोजकुमार पराजुली | ३ नं. वडा अध्यक्ष |
| ६ | | श्री कृष्णप्रसाद तिमल्सिना | ४ नं. वडा अध्यक्ष |
| ७ | | श्री भूमिनन्द घिमिरे | ५ नं. वडा अध्यक्ष |
| ८ | | श्री विनोद चौरेल | ६ नं. वडा अध्यक्ष |
| ९ | | श्री मन्दिरा तिमल्सिना (घिमिरे) | कार्यपालिका सदस्य |
| १० | | श्री रेनुका सञ्जेल | कार्यपालिका सदस्य |
| ११ | | श्री लक्ष्मी सञ्जेल | कार्यपालिका सदस्य |
| १२ | | श्री गुप्तबहादुर ब्राह्मु | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| १४ | | श्री सन्दिप न्यौपाने | सदस्य-सचिव |

**अन्य उपस्थिति:**

श्यामबहादुर खनाल, वरिष्ठ शाखा अधिकृत, अधिकृतस्तर आठौं

**मिति २०८३/०५/१८ मा बसेको ७८ औं कार्यपालिका बैठकका निर्णयहरु :**

**कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची**

बैठक सङ्ख्या: **७८ औं**
अध्यक्षता: **श्री गणेशबहादुर के.सी.**
बैठक मिति: **२०८३।०५।१८**
बैठक स्थानः **महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोटिखेल, ललितपुर।**
बैठक समय: **बिहान ८:०० बजे**

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कै |
|---|---|---|---|---|
| २०८३।०५।१८ | ८:०० बजे | बाढी प्रभावित क्षेत्रका लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा | | १ |
| २०८३।०५।१८ | ८:१५ बजे | आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा | पशु विकास शाखा | २ |
| २०८३।०५।१८ | ८:२५ बजे | मानिखेल अस्पतालका लागि आवश्यक एम्बुलेन्स व्यवस्थापन सम्बन्धमा | स्वास्थ्य शाखा | ३ |
| २०८३।०५।१८ | ८:३५ बजे | "नागरिक शोकमा स्थानीय सरकार कार्यक्रम कार्यान्वियन सम्बन्धी कार्यविधि, २०८३" सम्बन्धमा | | ४ |
| २०८३।०५।१८ | ८:३५ बजे | घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ५ |
| २०८३।०५।१८ | ८:४५ बजे | विविध सम्बन्धमा | | ६ |

<u>मिति २०८३/०५/१८ मा बसेको ७८ औँ कार्यपालिका बैठकका निर्णयहरु :</u>

**बैठक निर्णयका सम्बन्धमा असहमतिको टिप्पणी**
**कार्यपालिकाको बैठक नं. ७८, मितिः २०८३।०५।१८**

**निर्णयको विषयः**

**निर्णयको विषयमा रहेको असहमतिः**

**<u>असहमति व्यक्त गर्ने पदाधिकारीको विवरणः</u>**
**दस्तखतः**
**नामः**
**पदः**

मिति २०८३।०५।१८ गतेको यस कार्यपालिका बैठकमा कुनै पनि सदस्य मार्फत असहमतिको टिप्पणी पेश नभएको जानकारी गरिन्छ।

[signature]
०८३/०५/१२

## मिति २०८३/०५/१८ मा बसेको ७८ औँ कार्यपालिका बैठकका निर्णयहरु :

**पूर्व बैठकको समीक्षा**

मिति २०८३।०४।२६ मा बसेको ७७ औँ कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**मिति २०८३।०५।१८ मा बसेको ७८ औँ कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं.१:** महाङ्काल गाउँ कार्यपालिकाको कार्यालय र सो अन्तरगतका कार्यालयमा कार्यरत रहनुभएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको तर्फबाट (अधिकृतस्तरका कर्मचारीको ७ दिन, सहायक कर्मचारीको ५ दिन र श्रेणीविहिन कर्मचारीको २ दिन) र शिक्षकहरुको तर्फबाट (कर्मचारीहरुको तहसँग समानता रहने गरी सोही बमोजिम) गरी रकम १५ लाख ५८ हजार ६ सय ३८ रुपैयाँ मात्र साथै महाङ्काल गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुको तर्फबाट १५ दिन बराबरको सेवा सुविधा गरी रकम १ लाख ८९ हजार २ सय ५० रुपैयाँ मात्र र गाउँपालिका तर्फबाट १० लाख रुपैयाँ मात्र गरी कुल रकम २७ लाख ४७ हजार ८ सय ८८ रुपैयाँ मात्र बाढी प्रभावित क्षेत्रका लागि आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** मिति २०८३।०५।१८ गतेको आर्थिक विकास समितिको बैठकको निर्णय अनुमोदन सर्वसहमतिले गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** महाङ्काल गाउँपालिकाको हाल सञ्चालनमा रहेको एम्बुलेन्स पुरानो भएको र पछिल्ला वर्षहरुमा अधिक मर्मत खर्च भइरहेको सन्दर्भमा काठमाडौँस्थित भारतीय राजदुतावासमार्फत् १ थान एम्बुलेन्स यस गाउँपालिकाको खर्चमा सञ्चालन हुने गरी निःशुल्क उपलब्ध गराइदिनुहुनका लागि पत्राचार गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.४:** **"नागरिक शोकमा स्थानीय सरकार कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३"** लाई सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** **महाङ्काल गाउँपालिकाको "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५** को व्यवस्था बमोजिम तपसिल बमोजिमका व्यवसायीले पुऱ्याउनु पर्ने आवश्यकीय प्रक्रियाका सम्बन्धमा इन्जिनियरबाट हुनुपर्ने सिफारिस प्राप्त भइसकेपछि निजहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल:**

क) श्री गंगारत्न निर्माण सेवा, महाङ्काल गा.पा.-४, कालेश्वर, ललितपुर ।

ख) श्री सायरा सितास्मा कन्स्ट्रक्सन, महाङ्काल गा.पा.-४, कालेश्वर, ललितपुर ।

**निर्णय नं.६:** क) पूँजिगत परामर्श खर्च शीर्षकबाट बेहोर्ने गरी ठोस्ने खोला, धामी खोला, टुङ्गुन खोला, दुर्लुङ्ग खोलाको ८ लाख खर्चमा IFE गर्ने सर्वसहमतिले निर्णय गरियो ।

ख) मिति २०८३।०५।१० गतेको रसुवा, नुवाकोट लगायतका जिल्लालाई प्रभाव पार्ने गरी आएको बाढीमा परी मृत्यु भएका व्यक्तिहरुका लागि शोक प्रस्ताव पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

ग) वडा नं. ३ का गोमा परिवार, वडा नं. ३ का राम बहादुर डिम्डुमका छोरा सुमन डिम्डुमलाई **विपन्न आर्थिक सहायता** शीर्षकबाट जनही रु. २५,०००/०० (अक्षेरेपि पच्चिस हजार मात्र) का दरले आर्थिक सहायता गर्ने निर्णय गरियो ।

घ) गोरखापत्र संस्थानका लागि आ.व. २०८२/०८३ मा भुक्तानी गर्नुपर्ने कुल रकम रु. १,३०,१७६/- (अक्षेरेपि एक लाख तीस हजार एक सय छयाहत्तर रुपैयाँ) आ.व. २०८३।०८४ को लागि दायित्व सिर्जना गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।